**पञ्चदेवल विनायक नगरपालिका, अछाम**

# पञ्चदेवल विनायक राजपत्र

भागः १  खण्ड : ५  संख्या : १ (१० श्रावण, २०७८)

**प्रस्तावना :** पञ्चदेवल विनायक नगरपालिकाको माध्यमिक शिक्षा तहसम्मको शैक्षिक वातावरणलाई स्वच्छ बनाउन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म नगरक्षेत्रका विद्यार्थीहरुलाई प्रतिस्पर्धामा योग्य, दक्ष तथा सीपयुक्त बनाउन तथा सामुदायिक विद्यालयहरुको व्यवस्थापन समिति, शिक्षक कर्मचारीहरुलाई नैतिकवान, जिम्मेवारी र अनुशासित बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी पञ्चदेवल विनायक नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम, विस्तार र प्रारम्भ

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(क) यस ऐनको नाम "नगर शिक्षा ऐन २०७८" रहेको छ ।

(ख) यो ऐन अछाम जिल्ला पञ्चदेवल विनायक नगरपालिकामा लागू हुनेछ ।

(ग). यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) **"प्रारम्भिक बाल शिक्षा"** भन्नाले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(ग ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ) **"नगरपालिका"** भन्नाले पञ्चदेवल विनायक नगरपालिका सम्झनुपर्छ ।

(ङ) **"नगरसभा"** भन्नाले पञ्चदेवल विनायक नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(च) **"विशेष शिक्षा"** भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समुहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(छ) **"समावेशी शिक्षा"** भन्नाले दृष्टिविहीन, न्यून दृष्टियुक्त बहिरा, सुस्त श्रवण, अटिज्म बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा र सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा सम्झनु पर्छ ।

(ज) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(झ) **"प्राविधिक तथा ब्यावसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ञ) **"सामुदायिक विद्यालय"** भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार, प्रदेश सरकार र पञ्चदेवल विनायक नगरपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ट) **"संस्थागत विद्यालय"** भन्नाले निजी पहल र लगानीमा स्थापना गरिएका नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ठ) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ड) **"कर्मचारी"** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ढ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) **"अनुमति"** भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा

विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(त) **“स्वीकृति”** भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(थ) **“आवासीय विद्यालय”** भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(द) **“शैक्षिक गुठी”** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ध) **“सहकारी विद्यालय”** भन्नाले कुनै सहकारी संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सहकारीका सदस्यहरुद्वारा सञ्चालित विद्यालय सम्झनु पर्छ ।

(न) **“स्थायी आवासीय अनुमति”** भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(प) **“तालिम केन्द्र”** भन्नाले यस ऐन बमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ ।

(फ) **“पुस्तकालय”** भन्नाले नेपाल सरकार, नगरपालिकाबाट अनुमति लिई सञ्चालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ ।

(ब) **“शैक्षिक परामर्श केन्द्र”** भन्नाले शैक्षिक परामृर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारवाट वा यस नगरपालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई जनाउँछ ।

(भ) **"संघीय शिक्षा ऐन"** भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन संझनु पर्दछ ।

(म) **"प्रादेशिक शिक्षा ऐन"** भन्नाले प्रादेशिक संसदले बनाएको शिक्षा ऐन संझनु पर्दछ ।

(य) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(र) **"शिक्षा अधिकृत"** भन्नाले नगरपालिकाको शिक्षा विभाग/शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

(ल) **"समिति"** भन्नाले नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

(व) **"शिक्षा शाखा"** भन्नाले नगरपालिकाको शिक्षा विभाग/शाखा सम्झनु पर्दछ ।

(स) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येबाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ ।

(ष) **"नियुक्ति गर्ने अधिकारी"** भन्नाले शिक्षक तथा कर्मचारी नियुक्ति गर्न तोकिएको अधिकारी सम्झनु पर्दछ ।

## परिच्छेद-२

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

३. **माध्यमिक शिक्षाको प्रकार** माध्यमिक शिक्षा देहायका बमोजिम हुनेछः

क) साधारण माध्यमिक शिक्षा

ख) संस्कृत माध्यमिक शिक्षा

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

४. विद्यालयको अनुमति, स्विकृति, वर्गीकरण र समायोजनमा तोकिए बमोजिम हुनेछ ।

**५. शिक्षाको माध्यमः** (१)विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

क) आधारभूत तहको शिक्षा मातृभाषामा दिन सकिनेछ ।

ख) गैरनेपाली नागरिकले पञ्चदेवल विनायक नगरपालिका अन्तरगतका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

(६) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(७) विद्यालय सञ्चालन गर्न तोकिए बमोजिमको आधारमा अनुमति लिई सञ्चालन गर्नुपर्नेछ ।

(८) नगरपालिकाले प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनको लागि तोकिएबमोजिम थप व्यवस्था गर्न सक्नेछ ।

(९) नगरपालिकाले तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(१०) नगरपालिकाले तोकिए बमोजिमको आधारमा विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थप गर्न सक्ने छ ।

**६. नगर शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय

र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :-

(क) नगरपालिका प्रमुख -अध्यक्ष

(ख) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) नगर कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक -सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको (एकजना) -सदस्य

(ङ) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्येबाट नगर कार्यपालिकाबाट मनोनित (कम्तीमा एकजना महिला र एक दलित सहित दुई जना) -सदस्य

(च) आधारभुत, माध्यमिक तह समेट्ने गरी विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको (एकजना महिला सहित दुई जना) -सदस्य

(छ) नगरपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएका व्यक्ति (एकजना) -सदस्य

(ज) नगरपालिका क्षेत्रको नेपाल शिक्षक महासंघका अध्यक्ष/प्रतिनिधि (१ जना) -सदस्य

(झ) नगरपालिका भित्रका सेवा निवृत शिक्षक मध्येबाट नगरपालिकाले मनोनित (१ जना) -सदस्य

(ञ) नगरपालिकाभित्र कार्यरत श्रोत व्यक्तिमध्ये नगरपालिकाले मनोनित (१ जना) -सदस्य

(ट) नगरपालिकाको शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) समितिका मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

(३) आवश्यकताअनुसार विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पुरा नगरेमा नगर कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा बर्खास्त गर्नुअघि मनासिव माफिकको स्पष्टीकरणको मौकाबाट बञ्चित गरिने छैन ।

**७. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, कक्षा थप्ने र घटाउने सम्बन्धमा नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने,

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने ,

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने,

(च) नगरपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक, कर्मचारी, दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने,

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने,

(ज) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(झ) अभिभावक, कर्मचारी र शिक्षकबीच विवाद भएमा त्यसको समाधान गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने तदनुसार अपेक्षित गुणस्तर कायम भएका विद्यालयलाई पुरस्कृत गर्ने, नभएकालाई सघाउने तथा लगातार तीन वर्षसम्म राम्रो नतिजा नल्याउनेलाई नसियत दिने ,

(ट) विद्यालयहरुलाई सामाजिक परीक्षण गर्न लगाउने,

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,

(ण) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने,

(त) विशेषज्ञहरुको छनौट गरी ठेगाना, फोन, इमेल भएको सम्पर्कसहितको सूची प्रकाशन गर्ने,

(थ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिको लागि नगरपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(द) विद्यालयको नक्शांकन गरी बिद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह र कक्षा थप गर्ने वा कक्षा घटाउने नीति, मापदण्ड तर्जुमा गरी नगरपालिकामा पेस गर्ने,

(ध) विद्यालयमा विषयगत शिक्षक दरबन्दी मिलान गर्ने तथा शिक्षक कर्मचारीहरुको सरुवाको सिफारिस तथा आवश्यक व्यवस्थापन गर्ने,

(न) अनौचारिक शिक्षा सञ्चालन, सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने,

(प) आवश्यकताअनुसार दिवा खाजा व्यवस्थापन गर्ने,

(फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रबन्ध गर्ने,

(ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाएर लागु गर्ने गराउने,

(भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने,

(म) नगर कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(य) विद्यालयहरुलाई सक्षमतामा अधारित (Performance Based) अनुदान दिने वा अनुदान दिन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(र) विद्यालयका शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोत्साहनसहित स्वेच्छिक अवकासको प्रबन्ध गर्ने,

(ल) नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुबीच स्वस्थ प्रतिस्पर्धा गराई विद्यार्थीहरुको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने,

(व) नगरपालिका स्तरमा स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यक व्यवस्था गर्ने र

(ष) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

**८. शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार**

(क) नगरस्तरीय शिक्षा योजना तर्जुमा गरी नगर कार्यपालिकामा पेस गर्ने/गराउने,

(ख) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(ग) विद्यालय तथा शैक्षिक निकायहरूको अनुगमन तथा सुपरीवेक्षण गर्ने/गराउने,

(घ) नगर कार्यपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(ङ) शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने र तदनुसार पुरस्कार तथा दण्डको लागि स्थानीय सरकारमा सिफारिस गर्ने,

(च) नगर शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,

(छ) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

(ज) विद्यालय व्यवस्थापन समिति प्रधानाध्यापक, शिक्षक कर्मचारीहरुलाई आवश्यक निर्देशन दिने ।

(झ) विद्यालयको अनुगमन गरी सोको प्रतिवेदन, विद्यालयको अवस्था र समस्या समाधानका लागि कार्य योजना बनाई प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेस गर्ने ।

**९.वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ :

(क) सम्बन्धित वडाको वडाध्यक्ष -अध्यक्ष

(ख) वडा समितिका सदस्यहरुमध्ये वडा समितिले तोकेको (एक जना) -सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये वडा समितिले मनोनित गरेको (एक जना) -सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका शिक्षक तथा प्रधानाध्यापक मध्येबाट नगर शिक्षा समितिले तोकेको (एकजना महिला सहित दुई जना) -सदस्य

(ङ) सम्बन्धित वडाभित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको दलित, महिला र अपाङ्गता मध्येबाट (तीन जना) -सदस्य

(च) वडा शिक्षक महासंघ अध्यक्ष/प्रतिनिधि (एकजना) -सदस्य

(छ) सम्बन्धित वडाका वडा सचिव -सदस्य

(ज) वडाको उच्चतम् विद्यालयको प्र.अ. -सदस्य सचिव

**१०.वडा शिक्षा समितिको काम कर्तव्य र अधिकारः** (१) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

(ख) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने,

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(ङ) सम्बन्धित वडा भित्रका अभिभावक कर्मचारी, र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने,

(च) विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न आवश्यक सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

(छ) नक्शाङ्कनको आधारमा विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह/कक्षा थपघट गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने,

(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने,

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

(ञ) प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न सिफारिस गर्ने,

(ट) नगर शिक्षा समितिले तोकेबमोजिम अन्य कार्य गर्ने,

(ठ) वडास्तरको शैक्षिक तथ्यांक अध्यावधिक गर्ने

**११. विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) समितिका सदस्यहरूले यसै दफाको उपदफा (१) को खण्ड (क), (ख), (ग), र (घ) ले (ख) र (ग) मध्येबाट छानेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकले आफूहरु मध्येबाट छानी पठाएका कम्तीमा एक जना महिला एक जना दलित सहित (चारजना) -सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको (एकजना) -सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको (एकजना महिला सहित दुईजना) -सदस्य

(ङ) शिक्षकहरुले आफूमध्येबाट चयन गरी पठाएको शिक्षक प्रतिनिधि (एकजना) -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) विद्यालयस्तरीय बालक्लबले सिफारिस गरेको माथिल्लो कक्षाको छात्रा र छात्रमध्ये (एक जना) बालबालिका प्रतिनिधिलाई आमन्त्रित सदस्यका रुपमा विद्यालय व्यवस्थापन समितिको बैठकमा अनिवार्य सहभागी गराउनु पर्नेछ ।

(३) नगर शिक्षा समितिको बैठकमा सम्बन्धित क्षेत्रको वि.नि., स्रोत व्यक्तिलाई परीवेक्षकको रुपमा भाग लिन पाउने छन् तर वर्षमा कम्तीमा २ वटा बैठकमा स्रोत व्यक्तिलाई अनिवार्य बोलाउनु पर्नेछ ।

(४) सम्बन्धित विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा अनिवार्यरुपमा आमन्त्रण गर्नु पर्नेछ ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन् ।

(६) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन नगर शिक्षा समितिले गर्नेछ ।

(७) व्यवस्थापन समिति गठनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) उपदफा (१) बमोजिम छानिएको वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ तर यसै दफाको उपदफा (२) बमोजिम अमन्त्रित बालक्लब प्रतिनिधिको पदावधि एक वर्षको हुनेछ ।

(९) विद्यालय व्यवस्थापन समिति अध्यक्ष हुन सम्बन्धित तह उत्तीर्ण गरी २५ वर्ष उमेर पुरा भएको हुनुपर्नेछ तर त्यस्तो योग्यता प्राप्त व्यक्ति नभएमा वा समितिमा आउन अनिच्छुक भएमा एक तह कम योग्यताको समेत राख्न सकिने छ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउन' अघि वा समिति विघटन गर्नुअघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

१२. **सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने,

(छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षकलाई हाजिर गराई काममा लगाउने तथा नगरपालिकावाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने;

(ज) नगरपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने;

(झ) नगरपालिकाको कार्यालयबाट तोकिएको सूचीकृत लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेस गर्ने,

(ट) नगरपालिका, नगर शिक्षा समिति, नगरपालिकाको कार्यालय, नगर शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत, र नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद

शाखा, शिक्षा अधिकृतले दिएको निर्देशनहरूको पालना गर्ने, गराउने ।

(ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने

(ड) तोकिए बमोजिम दरबन्दीका शिक्षकलाई कामको आधारमा प्रोत्साहन र विभागीय कारवाही गर्ने

(ढ) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने,

(त) विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न र सामाजिक परीक्षण गराउन शिक्षक अभिभावक संघ गठन गर्ने

(थ) नेपाल सरकार वा नगरपालिकाले गरेको व्यवस्था बमोजिम तोकिएको कर्मचारीलाई तोकिएको तलब भत्ता प्रदान गर्ने,

(द) विद्यालय व्यवस्थापन समिति पदाधिकारीबाट नियमित अनुगमन गर्नु समितिको दायित्व हुनेछ,

(ध) विद्यालय भर्ना अभियान तथा अभिभावकीय शिक्षा सञ्चालनका अगुवाइ गर्ने,

(न) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**१३.** प्रत्येक विद्यालयमा तोकिए बमोजिम शिक्षक अभिभावक संघ रहनेछ ।

**१४.** संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट निर्वाचित व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरु मध्येबाट सम्बन्धित नगरपालिकाले मनोनित गरेको एकजना - सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

## परिच्छेद ३
## विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र बाल विकास शिक्षकको दरबन्दी, सेवा, सर्त, योग्यता एवम् सक्षमताको मापदण्ड

**१५. नगर शिक्षा समितिले शिक्षकको दरबन्दी निर्धारण गर्नेः** (१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरबन्दी सिर्जना नगर शिक्षा समितिले गर्नेछ ।

(२) नगर शिक्षा समितिले शिक्षकको दरवन्दी सिर्जना गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या, भौगोलिक अवस्था र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्ति भएको शिक्षकको व्यक्तिगत फाइल खडा गरी नगरपालिकाले राख्नु पर्नेछ । यसरी नियुक्त भएको शिक्षकको सेवा सुविधा नगरपालिका मार्फत भुक्तानी गर्नुपर्नेछ ।

(४) प्रत्येक विद्यायलयमा कम्तीमा एक जना महिला शिक्षक अनिवार्य हुनुपर्नेछ ।

१६. **शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताः** शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिएबमोजिम हुनेछ ।

१७. **स्थायी अध्यापन अनुमति पत्र लिनु पर्नेः** अध्यापन अनुमति पत्र नलिई कुनै पनि प्रकारको शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन ।

१८. नगरपालिकाले विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र वाल विकास शिक्षकको दरबन्दी, सेवा, सर्त, योग्यता एवम् सक्षमताको मापदण्ड तोकिएबमोजिमको हुनेछ ।

## परिच्छेद-४

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम र कारबाही तथा पदबाट हटाइने व्यवस्था

१९. **शिक्षकको नियुक्तिः** (१) विद्यालयमा रिक्त दरबन्दीमा शिक्षक पूर्तिका लागि नगरपालिकाले १५ दिनको सूचना गरी विज्ञापन गर्नेछ ।

(२) विद्यालयमा नगरपालिकाको अनुदानबाट नियुक्त गरिएका रिक्त दरबन्दी तथा राहत शिक्षक पदमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था देहायबमोजिमको छनौट समितिबाट हुनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको व्यक्ति (१ जना) –सदस्य

(ग) विषयगत विषय विज्ञ (दुईजना) – सदस्य

(घ) नगरपालिकाको शिक्षा अधिकृत वा स्रोत व्यक्ति - सदस्य सचिव

(३) समितिले सफल उम्मेदवारको नियुक्तिको लागि नगर शिक्षा समितिमा सिफारिस गर्ने छ र सो सिफारिस अनुसार प्रमुख प्रशासकीय अधिकृतले सेवा सर्तनामासहित करार नियुक्ति दिनेछ ।

**२०. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) माध्यमिक तहको स्थायी दरबन्दीमा कार्यरत शिक्षकहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिको निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले प्रधानाध्यापकको नियुक्ति गर्नेछ । सो नभएमा अस्थायी, राहत तथा अनुदान प्राप्त शिक्षकहरुमध्येबाट प्रधानाध्यापकको नियुक्ति गरिनेछ । माध्यमिक तहको प्रधानाध्यापकको लागि स्नातकोत्तर उपाधि प्राप्त शिक्षक हुनुपर्नेछ ।

(ख) आधारभूत तहको स्थायी दरबन्दीमा कार्यरत शिक्षकहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिको निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले प्रधानाध्यापकको नियुक्ति गर्नेछ । सो नभएमा अस्थायी, राहत तथा अनुदान प्राप्त शिक्षकहरुमध्येबाट प्रधानाध्यापकको नियुक्ति गरिनेछ । आधारभुत तहको प्रधानाध्यापकको लागि स्नातक उपाधि प्राप्त शिक्षक हुनुपर्नेछ ।

(ग) नियुक्ति हुनु पूर्व पाँच वर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति मार्फत नगर शिक्षा समिति समक्ष पेस गर्नुपर्नेछ ।

(घ) प्रधानाध्यापकको अवधि शुरुमा २ वर्षको हुनेछ । निजको कार्य नतिजा हेरेर पछि अवधि थप गर्न सकिने छ ।

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(च) उपदफा (२) को खण्ड क र ख बमोजिमको योग्यता पुगेको प्रधानाध्यापकको नियुक्ति गर्दा शिक्षा अधिकृतको सिफारिस शिक्षा विभागमा अनिवार्यरुपमा पेस हुनुपर्ने छ ।

(छ) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाइएमा नगर शिक्षा समितिले प्र. अ. पदबाट हटाउन सक्नेछ तर एक पटक स्पष्टीकरणको मौका दिइनेछ ।

**२१. शिक्षकको सरुवाः** (१) सरुवाको लागि नगरपालिकाभित्रका कार्यरत शिक्षकलाई नगर शिक्षा समितिले आवश्यकता अनुसार रिक्त दरबन्दीमा वा अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(२) सरुवा हुन आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाई नगरपालिकाभित्र निज कार्यरत विद्यालय व्यवस्थापन समितिको सहमतिमा नगरपालिकाले अर्को नगरपालिकामा सरुवाको लागि सहमति दिन सक्नेछ र अर्को जिल्ला वा नगरपालिकाबाट सहमति लिएर आउने शिक्षकलाई नगर शिक्षा समितिले नगरपालिकाको जुनसुकै रिक्त दरबन्दीमा खटाउन सक्नेछ ।

(३) नगरपालिका शिक्षा समितिले समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षक सरुवा गर्न सक्नेछ । तर दरबन्दी र राहत बीच सरुवा भएको अवस्थामा दरबन्दी वा राहत कोटा हालकै साविक विद्यालयमै रहने छ र शिक्षकको पदमा वा सेवामा कुनै आँच आउन दिइने छैन । माथि जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि

संघीय तथा प्रदेश कानूनसँग बाझिने अवस्थामा यस्तो सरुवालाई छोटो अवधिको काज सरुवा समान मानिने छ ।

(४) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ ।

२२. **दरबन्दी मिलान:** (१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा नगर शिक्षा समितिले तोकिएको प्रक्रिया पूरा गरी मिलान गर्नु पर्नेछ ।

२३. **शिक्षकको बढुवा सम्बन्धी व्यवस्था:** हाल स्थायीरुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागु भएको कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका शिक्षकहरुको सेवा सर्त तथा बढुवा सम्बन्धी व्यवस्था नगर शिक्षा समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने छ ।

२४. **तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :** शिक्षकलाई नेपाल सरकारको नीति तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

२५. **शिक्षकलाई अन्य काममा लगाउन नहुने व्यवस्था:** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

२६. **कारबाहीको व्यवस्था :** (१) देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई कारबाही गर्न सकिनेछ ।

क. बिना सूचना विद्यालयमा अनुपस्थित भएमा,

ख. प्रधानाध्यापकको मातहतमा नरहेमा,

ग. कामकाज प्रति उत्तरदायी नभएमा,

घ. आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा,

ङ. शिक्षक कर्मचारी सम्बन्धी बनेका ऐन कानुन तथा आचारसंहिता बमोजिम काम नगरेमा वा ऐन कानुन विपरीत काम गरेमा,

च. राजनैतिक दलको समर्थन वा विरोधमा लिखित तथा विद्युतीय सञ्चारमाध्यममा टिकाटिप्पणी गरेमा,

छ. कार्यालय सम्बन्धी गोप्य राख्नु पर्ने कागजात कुनै प्रेस सम्बन्धित अधिकारी अनुमति बिना कुनै व्यक्ति, गैरसरकारी संघसंस्थालाई दिएको प्रमाणित भएमा,

ज. कार्यालयमा मदिरा सेवन गरी उपस्थित भएमा,

झ. बिना सूचना १५ दिन सम्म विद्यालयमा उपस्थित नभएमा,

ञ. नैतिक पतन देखिने फौजदारी अभियोग कुनै अदालतबाट प्रमाणित भएमा, अस्थायी/करार शिक्षकको हकमा विना सूचना पाँच दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

ट. करार कर्मचारीको हकमा करार सम्झौतामा उल्लेख भएका सर्तहरुमा बारम्बार उल्लङ्घन गरेमा,

ठ. दुई पटकभन्दा बढी लिखित स्पष्टीकरणको चित्तबुझ्दो जवाफ नदिएमा र

द. शिक्षक तथा कर्मचारीले राजनैतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको भेटिएमा ।

**२७. दण्ड सजायको व्यवस्था :** उचित र पर्याप्त कारण भएमा शिक्षक, कर्मचारीलाई देहायको विभागीय सजाय गर्न सकिने छ :-

क. नसिहत दिने,

ख. गयल गरी गयल दिनको दामासाहीले तलब कट्टा गर्ने,

ग. बढीमा पाँच वर्षसम्म तलब वृद्धि रोक्का गर्ने,

घ. बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्ने,

ङ. भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने,

च. भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट हटाउने ।

**२८. नसिहत दिने :** शिक्षक, कर्मचारी विद्यालयमा आउने, अध्यापन गर्ने र जाने समय पालन नगरेमा निजलाई नसिहत दिन सकिनेछ ।

**२९. पाँच वर्षसम्म तलब वृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्नेः-**

क. अनुशासनहीन काम गरेमा,

ख. बराबर विद्यालयको समय पालन नगरेमा,

ग. आचरण सम्बन्धी नियम उलंघन गरेमा,

(ग१) कार्यक्षमताको अभाव भएमा,

घ. खटाइएको तालिमा वा प्रशिक्षणमा भाग लिन नगएमा,

ङ. प्रधानाध्यापकले तालिम वा प्रशिक्षणमा सहभागी हुन नपठाएमा ।

**२९क.कार्यक्षमताको अभाव मानिने:**

(१) कुनै शिक्षकले आफूले अध्यापन गराएको विषयमा तीन शैक्षिक सत्रमा लगातार देहायका आधारमा पचास प्रतिशतभन्दा कम विद्यार्थी उत्तीर्ण भएमा त्यस्तो शिक्षकमा कार्यक्षमताको अभाव भएको मानिनेछ ।

**३०. नोकरीबाट हटाउने वा बर्खास्त गर्ने:** (१) देहायको अवस्थामा भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य नठहरिने गरी शिक्षकलाई नोकरीबाट हटाउन सकिनेछः-

क. पदीय दायित्व पूरा नगरेमा,

ख. बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा र अस्थायी/करार शिक्षक विना सूचना लगातार पाँच दिनभन्दा बढी समय विद्यालय अनुपस्थित रहेमा,

ग. मादक पदार्थ सेवन गरी विद्यालया आएको प्रमाणित भएमा,

घ. सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले विद्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

ङ. शिक्षक तथा कर्मचारीहरु राजनैतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा ।

(२) देहायको अवस्थामा भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य ठहरिने गरी शिक्षकलाई नोकरीबाट हटाउन सकिनेछः-

क. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ख. भ्रष्टाचार गरेको प्रमाणित भएमा ।

**प्रष्टीकरण** : दफा २७, २८, २९ र ३० मा जेसुकै कुरा लेखिएको भएता पनि दफा ३० को उपदफा (२) बाहेकको अवस्थामा शिक्षक तथा कर्मचारीहरुलाई नसिहत दिनु तथा पद मुक्त गर्नु अगाडि मौखिक तथा लिखित सफाइ तथा स्पष्टीकरणको मौकाबाट बञ्चित गरिने छैन ।

**३१. सजाय गर्ने अधिकारीः** (१) शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछः-

क. शिक्षकलाई नसिहत दिने वा दुई वर्षसम्मको तलब वृद्धि रोक्का गर्ने प्रधानाध्यापक र सोभन्दा बढी तलब वृद्धि रोक्का गर्ने व्यवस्थापन समिति,

ख. प्रधानाध्यापकलाई नसिहत दिने र तलब वृद्धि रोक्का गर्ने नगर शिक्षा अधिकृत,

ग. बढुवा रोक्का गर्ने नगर शिक्षा अधिकृत,

घ. नोकरीबाट हटाउने वा बर्खास्त गर्ने प्रमुख प्रशासकीय अधिकृत ।

ङ. यस दफाको विभिन्न खण्डमा जुनसुकै कुरा लेखिएता पनि नगर शिक्षा समिति र नगर कार्यपालिकालाई शिक्षकलाई कारबाही गर्न बाधा हुने छैन ।

**३२. अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः** (१) सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

३३. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** नियमानुसार बिदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

३४. **स्थायी आवासिय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासिय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासिय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई तोकिए बमोजिम दण्ड तथा सजाय हुनेछ ।

## परिच्छेद ५
## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

**३५. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः** (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाई व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फुलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाइमैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, छात्राहरुलाई सेनिटरी प्याड जस्ता न्यूनतम् सुविधा उपलब्ध हुनु पर्नेछ ।

(३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**३६. विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति जुन विद्यालयमा गाभिएको हो उसैको हुनेछ । सो विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनिअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन ।

**३७. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः** (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई  विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको रहने छ ।

**३८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम् मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ ।

(२) आफ्ना क्षेत्रभित्रका विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमाभित्र नगर शिक्षा समितिमा माग गर्नुपर्नेछ ।

(३) नगर शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ ।

(४) आधारभूत तह सम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ पाठ्यघण्टा (क्रेडिट आवर) बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ ।

(५) विद्यालयमा बहु पाठ्यपुस्तक लागु हुनेछन् ।

(६) शैक्षिक स्तरको न्यूनतम् मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्व–अध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ ।

**३९. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :** (१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ ।

(२) विद्यालयले बालक्लव, तथा वातावरणमैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, वनभोज कार्यक्रम, पोषण शिक्षा, खेलकूद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद ६
## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**४०. आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) आधारभूत शिक्षाको कक्षा ८ को अन्तिम परीक्षा नगरपालिका स्तरीय हुनेछ ।

(२) उपदफा १ बमोजिमको परीक्षा सम्बन्धी सम्पूर्ण कार्य गर्न देहाय बमोजिमको एक परीक्षा समिति गठन गरिनेछ ।

(क) शिक्षा अधिकृत -संयोजक

(ख) आधारभुत तथा माध्यमिक तहको प्रधानाध्यापकहरु मध्येबाट नगरपालिका शिक्षा समितिका अध्यक्षले तोकेको (दुईजना) -सदस्य

(ग) संयोजकले तोकेको कर्मचारी -सदस्य सचिव

(घ) उपदफा (२) बमोजिम गठन भएको परीक्षा समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ७
## विविध

**४१.** नगरपालिकाले तोकिए बमोजिम जगेडा शिक्षकको व्यवस्था गरी तोकिएको आधारमा विद्यालयको पठन पाठन र शिक्षा सम्बन्धी कार्य गराउनेछ ।

**४२.** नगरपालिका भित्र सञ्चालित संस्थागत विद्यालयहरुले नगरपालिकामा तोकिए बमोजिम प्रगति बिवरण बुझाउनु पर्नेछ ।

**४३. नगर शिक्षा विकास कोषः-** (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगरपालिका स्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ । जसमा देहायका रकमहरू रहनेछन्:

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) नगरपालिकामा स्थापित शैक्षिक विकास कोषको रकम,

(ङ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कुल आम्दानी मध्ये तोकिए बमोजिमको रकम,

(च) दान, दातव्य, पुरस्कार र चन्दाबाट प्राप्त रकम,

(छ) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

(ज) दातृ निकायबाट प्राप्त रकम

(झ) अन्य स्रोतबाट प्राप्त रकम ।

**४४. कोष सञ्चालनः-**यो कोषको संचालन नगर शिक्षा समितिको निर्णय अनुसार गरिनेछ ।

**४५. विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) नगरपालिकको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**४६. विद्यालय सञ्चालन कार्यविधि सम्बन्धी व्यवस्थाः** (१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरी एक बिद्यालय सञ्चालन कार्यविधि बनाई अभिभावक भेलाबाट पारित गराई लागु गर्नु पर्नेछ ।

(२) अभिभावक भेलाले सो कार्यविधि आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) विद्यालय सञ्चालन कार्यविधिको प्रतिलिपी पारित भएको मितिबाट ७ दिनभित्र व्यवस्थापन समितिले नगरपालिका कार्यालयमा पेस गर्नु पर्नेछ ।

(५) विद्यालयको कार्यविधि सार्वजनिक दस्तावेज हुनेछ र सरोकारवालाले हेर्न सक्नेछन ।

४७. **नगरपालिकाले निर्देशन दिन सक्ने:** (१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

४८. **अन्य दण्ड सजाय:** (१) नगरपालिकाले नगरपालिका भित्र विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारीहरुले गरेको कसुर हेरी तोकिए बमोजिम प्रक्रिया अवलम्बन गरी दण्ड सजाय गर्नेछ ।

(२) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(३) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ :-

क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ)	अरूको तर्फबाट परीक्षा दिएमा,

च)	परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

छ)	विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

ज)	अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा  सञ्चालन गरेमा ।

झ)	कानून विपरीतको अन्य कार्य गरेमा ।

ञ)	कानून बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर फौजदारी अभियोगमा प्रहरी हिरासत वा मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

४९. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

५०. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

५१. **शिक्षा परामर्श सभा गठन गर्न सक्नेः** नगर कार्यपालिकाले आवश्यक ठानेमा समग्र शिक्षाको स्थिति पहिचान गरी शैक्षिक उन्नयनका लागि आवश्यक परामर्श दिन एक सर्वपक्षीय वृहत शिक्षा परामर्श सभा गठन गर्न सक्ने छ ।

**५२. नियमावली र आचारसंहिता बनाउनेः** नगरपालिकाले यो ऐन कार्यान्वयन गर्नका लागि नियमावली जारी गर्न तथा शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालयको तोकिए बमोजिमको आचारसंहिता लागु गर्नेछ ।

**५३. टयूसन तथा कोचिङ्ग कक्षा सम्बन्धी व्यवस्थाः** कुनै पनि विद्यालय वा विद्यालय बाहिर टयूसन, कोचिङ्ग कक्षा संचालन गर्न तोकिए बमोजिमको शर्तहरु पुरा गरी नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**५४. संक्रमणकालीन व्यवस्था :** (१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली जारी नहुँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

(३) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति नगर कार्यपालिकाले दिन सक्नेछ ।

**५५. बाधा अडकाउ फुकाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन सरह मानिनेछ । तर यस्तो आदेश नगर कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्क्रिय हुनेछ ।

**५६. संघीय तथा प्रदेश कानुन आकर्षित हुनेः** यस ऐनमा नसमेटिएका विषयहरु संघीय तथा प्रदेश शिक्षा ऐन/नियमावली बमोजिम भएको मानिनेछ ।

**५७. बचाउ र लागू नहुनेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनका दफाहरु संविधान, संघीय शिक्षा ऐन र प्रदेश कानूनसँग बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछन् ।

(४) शिक्षा ऐन २०२८ (संशोधन सहित) बमोजिम नियुक्त शिक्षक, कर्मचारीहरुलाई नेपाल सरकारबाट दिइदै आएको सेवा, सर्त र सुविधामा कुनै किसिमको कटौती गरिने छैन । निजहरुले खाइपाई आएको सुबिधा यसै ऐन अनुरुप दिइएको मानिने छ । तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय र कारबाही गर्न बाधा पर्ने छैन ।

**आज्ञाले,**

नाम : पदमबहादुर माझी

प्रमुख प्रशासकीय अधिकृत